## बैठक नं. - छैटौं
## मितिः २०७४।०४।३२ गते बुधबार

निर्णयहरु :

**निर्णय नं.१,**

यस मुसीकोट नगर कार्यपालिकाको प्रशासनिक कामकाजको लागि हाललाई मुसीकोट नगरपालिका वडा नं. ५ मा रहेको जिल्ला कृषि विकास कार्यालयको भवनबाट गर्ने निर्णय गरियो । साथै मुसीकोट नगरपालिकाको आफ्नै भवन निर्माणको लागि उपयुक्त स्थानको पहिचान गरि भवन निर्माण कार्य अगाडी बढाउने समेत निर्णय गरियो ।

**निर्णय नं.२,**

यस मुसीकोट नगर कार्यपालिकाको प्रबक्ता वडा नं. ४ का अध्यक्ष (कार्यपालिका सदस्य) श्री निर्मलकुमार पुनलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.३,**

यस मुसीकोट नगर कार्यपालिकाको संगठन सर्बेक्षण अध्ययन्गर्नका लागि वडा नम्बर १० का अध्यक्ष गोपेश्वर केसीको संयोजकत्वमा तपशिल बमोजिमको ७ सदस्यीय कार्य टोली गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

१, गोपेश्वर केसी - संयोजकत्व
२, जिल्ला समन्वय समितिको प्रतिनीधि १ (एक) जना - सदस्य
३, जिल्ला प्रशासन कार्यालयको प्रतिनीधि १ (एक) जना - सदस्य
४, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनीधि १ (एक) जना - सदस्य
५, बसन्त कुमार गौतम - सदस्य
६, चम्फा परियार - सदस्य
७, कार्यकारी अधिकृत - सदस्य सचिब

**निर्णय नं.४,**

यस नगरपालिका अन्तरगतका वडा कार्यालयहरुलाई मासिक रु. ५,०००/- (अक्षेरुपी पाँच हजार रुपैयाँ मात्र) कार्यालय प्रशासनीक खर्च बापत दिने निर्णय गरियो ।

**निर्णय नं.५,**

यस मुसीकोट नगरपालिकाको नगर सभा तथा नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न योजना/आयोजना संञ्चालन गर्न, सशर्त अनुदान तर्फका आयोजनाहरु संञ्चालन गर्न र कार्यपालिकाको दैनिक प्रशासन संञ्चालन, प्रशासनिक खर्च परिचालन गर्न कार्यकारी अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।